नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
शिक्षा विभाग
शिक्षा विकास तथा समन्वय एकाइ
प्युठान

नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय शिक्षा विभाग शिक्षा विकास तथा समन्वय एकाइ प्युठान २०७५

प.सं. २०८३।०८४
च.नं. २३९

मिति २०८३।०५।३०

विषयः- उत्कृष्ट शिक्षक/कर्मचारी/पदाधिकारी छनोट गरी पठाउने सम्बन्धमा।

श्री प्युठान नगरपालिका,
स्वर्गद्वारी नगरपालिका तथा
गाउँपालिका सबै, प्युठान।

प्रस्तुत विषयमा राष्ट्रिय शिक्षा दिवस, २०८३ को सुअवसरमा यस एकाइको आयोजनामा मिति २०८३।०६।०३ गते बिहान ८:०० बजे उत्कृष्ट वि.व्य.स. अध्यक्ष, प्रधानाध्यापक, शिक्षक, बालविकास सहजकर्ता, विद्यालय कर्मचारीहरुलाई सम्मान गर्ने कार्यक्रम रहेकोले तपसिलका स्थानीय तहहरुले तपसिल बमोजिमका समूहबाट १ जना छनोट गरी (मिति २०८३।०५।३१ गते) दिउँसो ४:०० बजे सम्म पठाइदिनुहुन अनुरोध छ। साथै छनोटका आधारहरु यसै पत्रसाथ संलग्न गरी पठाइएको छ।

दुर्गा बहादुर खडका
एकाइ प्रमुख
एकाइ प्रमुख

तपसिल

| क्र.सं. | स्थानीय तह | छनोट समूह |
|---|---|---|
| १ | प्युठान नगरपालिका | विद्यालय व्यवस्थापन समितिका अध्यक्ष |
| २ | स्वर्गद्वारी नगरपालिका | बालविकास केन्द्रका सहयोगी कार्यकर्ता |
| ३ | नौबहिनी गाउँपालिका | आधारभूत तह (१-५) का शिक्षक |
| ४ | ऐरावती गाउँपालिका | आधारभूत तह (६-८) का शिक्षक |
| ५ | सरुमारानी गाउँपालिका | माध्यमिक तह (९-१२) शिक्षक |
| ६ | माण्डवी गाउँपालिका | प्रधानाध्यापक (आधारभूत विद्यालय) |
| ७ | झिमरुक गाउँपालिका | प्रधानाध्यापक (माध्यमिक विद्यालय) |
| ८ | मल्लरानी गाउँपालिका | विद्यालय कर्मचारी (विद्यालय सहायक ) |
| ९ | गौमुखी गाउँपालिका | विद्यालय कर्मचारी (विद्यालय सहयोगी ) |

## छनौटका आधारहरु

### (क) शिक्षक

१.जुन तह र विषयको शिक्षक हो सोही तह र विषयमा अध्यापन गरेका कक्षाहरुमध्ये सबैभन्दा माथिल्लो तहका विद्यार्थीहरुको अन्तिम परीक्षाको नतिजा,

२. पुरस्कार वितरण गरिने भन्दा अघिल्लो शैक्षिक सत्रमा विद्यालयमा उपस्थित दिन,

३. अध्यापन गरेको विषयमा गरेको अनुसन्धान प्रतिवेदन, तर त्यस्तो अनुसन्धान प्रतिवेदन शिक्षकले कार्य सम्पादन मूल्याङ्कन फारम भर्दा पेश गरेको हुनुपर्नेछ ।

४. सेवा अवधि(स्थायी र अस्थायी) ।

### (ख) कर्मचारी

१. अघिल्लो शैक्षिक सत्रमा विद्यालयमा उपस्थित दिन,

२. विद्यालय सेवा अवधि,

३. राम्रो आचरण भएको भनी विद्यालय व्यवस्थापन समितिले गरेको सिफारिस ।

### (ग) विद्यालय व्यवस्थापन समितिका पदाधिकारी

१. विद्यालयको समग्र नतिजा स्थानीय तहभित्र तुलनात्मक रुपमा राम्रो रहेको,

२. व्यवस्थापन समितिको बैठकको नियमितता विद्यालय सञ्चालन र व्यवस्थापनमा क्रियाशिलता राम्रो रहेको भनी स्थानीय तहले गरेको सिफारिस ।

### (घ) प्रधानाध्यापक

१. विद्यालयको व्यस्थापकिय पक्ष उत्कृष्ट भएको,

२. विद्यालयको शैक्षिक नतिजा निरन्तर रुपमा उत्कृष्ट भएको,

३. शिक्षण तथा सिकाइको नेतृत्व सीप,पेशागत दक्षता,विद्यालयको रणनितिक दिशा निर्माण,

४. विद्यालयको नाममा कुनै बेरुजु नभएको ।

नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
शिक्षा विभाग
शिक्षा विकास तथा समन्वय एकाइ
प्युठान
२०७५

एकाइ प्रमुख